# रेडियोको कथा

**रमण घिमिरे**

म आफूलाई रेडियोभन्दा अलि अघिकै पुस्ताको हुँ कि जस्तो लाग्छ । किनभने मैले रेडियोभन्दा पहिला ग्रामोफोन रेकर्डबाट अजैविक वस्तुको मानवीय ध्वनि प्रस्तुतिको प्रथम आकर्षण भेटेको थिएँ या खुल्दुली मेटेको थिएँ । मेरो गाउँ– झापाको ज्यामिरगढी गाविसको गोमनसरीमा एकजना छिमेकीले एक साँझ आफ्नो घरमा यो बाजा लिएर प्रवेश गरे । बिट नभएको थालजस्तो निख्खर कालो रङको वस्तु अर्को त्योभन्दा अलि ठूलो आकारको बीचमा सानो डण्डी भएको गोलाकार चीजमाथि थियो । लुगा सिउने कलको जस्तै तीखो टुप्पो र सनईको डाल भएको सीयोजस्तो अर्को वस्तु राखी त्यो कालो थाल घुमाइयो त्यसपछि । त्यो सीयोजस्तो वस्तुले रगडेपछि त्यहाँबाट गीत निस्क्यो । यसरी सुई घोप्नुभन्दा पहिले त्यसको छेउमा भएको दुलोमा गाडीलाई ह्यान्डिल मारेझैँ सानो ह्यान्डिल घुसाएर त्यसमा दम लाउनुपर्थ्यो । पछि थाहा पाएँ त्यस भाँडोको नाम ग्रामोफोन रहेछ । त्यति बेला हामीचाहिँ त्यसलाई फुनुबाजा भन्थ्यौँ । त्यही फुनुबाजामा मैले पहिलोपल्ट गीत सुनेको । गीतको बोल थियो- ‘हाम्रो तेन्जिङ् शेर्पाले चढ्यो

हिमाल चुचुरो' । त्यस बखत म यस्तै दस वर्षको हुँदो हुँ, अहिले (२०६१ साल) म ४५ को भएँ ।

त्यतिखेर रेडियो हाम्रो गाउँमा नभएको त होइन तथापि त्यो भाँडो हाम्रो प्रयोग र हैसियतभन्दा अलि परकै सामान थियो । हाम्रो किनमेलको प्रमुख बजार, सीमापारि पर्ने नक्सालबाडी थियो । नक्सलाइट्को उद्‌गम स्थलको रूपमा झण्डै विश्वभरि नै प्रसिद्ध नक्सालबाडीमा त्यस बेलाको एउटा चल्तीको मिठाई दोकान थियो, एक बङ्गालीको । तिनको दोकानको अग्लो सोकेसमाथि एउटा बडेमाको भाँडो हुन्थ्यो । त्यसको माथिल्लो भागमा त्यस बखत, हार्मोनियमका रिङजस्ता र आज, क्यासेट प्लेयरका बटनजस्ता पाँच-छओटा गोटी थिए । हाम्रो औंधी नै आकर्षणको केन्द्र त्यो के कारणले हुन पुग्यो भने त्यस भाँडोले मान्छेले भन्दा सुमधुर गीत गाउँथ्यो, बाजागाजासहित । मार्कोनीले सन् १८९५ मा आविष्कार गरेको रेडियो त्यही भाँडाकै नाम हो भन्ने निकैपछि मात्र हामीले पत्तो पायौँ । र, पछिसम्म पनि त्यो रेडियो हाम्रो रुचिको विषय भइरह्यो । हामीले त्यही मिठाई दोकानको रेडियो सुन्दै आफ्नो किशोरवय पार गऱ्यौँ । र, बिस्तारै त्यसका जात, थर, गोत्र आदिबारे थाहा पाउँदै आयौँ । 'फिलिप्स' थरको त्यो रेडियो (जात) भने हाम्रो युवावस्थातिरको प्रवेशसँगै डाँडामाथिको घाम भइसकेको थियो । तर त्यो रेडियोमा हाम्रा छिमेकीले ल्याएको फुनुबाजामा जस्तो नेपाली गीत बज्दैनथ्यो, खालि बङ्गाली र हिन्दी गीतहरू मात्र बज्थे ।

हाम्रो आफ्नै घरमा भने पछिसम्म पनि रेडियो भित्रिएन । तर त्यस बेलादेखि नै मलाई गीत-सङ्गीतप्रति खुब चाख थियो । पछि हाम्रो हैसियत विकसित भइसक्ता पनि किन हो बाले हामीकहाँ रेडियोको ढिलो प्रवेश गराउनु भयो । त्यसैले गीत सुन्नका लागि हामी फेरि पनि छिमेकीकै शरणमा परिरह्यौँ । यी छिमेकी ती फुनुबाजावाला होइनन्, अर्कै थिए, 'नेशनल पानासोनिक' वाला । कलेजी रङको छालाको खोल भएको त्यही रेडियो सुनेर मैले प्रेमध्वज, माणिकरत्न, नारायण गोपाल, फत्तेमान, दीप श्रेष्ठ आदिका गीतहरू कण्ठ पारेको थिएँ । त्यही रेडियोमा मैले नारायण गोपालको 'अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बोटमा' देखि दीप श्रेष्ठको 'साइँली बरी चियाबारीमा' सम्म प्रेमध्वजको 'घुम्तीमा नआऊ है' देखि माणिकरत्नको 'खोलानालासँग सोधी' र फत्तेमानको 'यस्तो पनि हुँदो रै'छ' सम्म सुनेँ । आधुनिक गीत सुन्न बढी चाख हुने मजस्ता श्रोतालाई रेडियो नेपालबाट प्रसारित *बाह्यसेवा*मा बज्ने यी नामहरूका गीतले रेडियोमा कान थापिरहन बाध्य पार्थे, त्यस बेला । अङ्ग्रेजी भाषामा विदेशीहरूका लागि

तयार पारिएको कार्यक्रम भए पनि नेपाली गीतहरूको कारण निरक्षरले पनि त्यो कार्यक्रम भरिसक्ये छुटाउँदैनथे भन्ने मेरो अनुभव छ ।

त्यस बखत पूर्वी सीमान्तका हामीजस्ता श्रोतामा भारतको दार्जीलिङ जिल्लाको खर्साङबाट प्रसारित आकाशवाणी खर्साङमा बज्ने नेपाली गीत पनि प्रिय थिए । आइतबार र बुधबार मध्याह्न दिल्लीस्थित अल इण्डिया रेडियोबाट प्रसारित नेपाली गीतहरू विशेष श्रवणीय हुने गर्थे । त्यसको एउटा प्रसङ्ग रोचक छ । त्यस स्टेसनबाट बज्ने अधिकांश नेपाली गीतहरू पहिलापहिला ग्रामोफोनमा बजाइने थालजस्ता रेकर्डबाटै प्रसारण हुन्थे । थालजस्ता ती लाहाका डिस्कहरू घोटिँदाघोटिँदा कति खत्तम भइसकेका हुन्थे भने रेकर्डको डोहो बीचमा छिन्दा बजाउने सुई ठूलो घेराबाट क्रमशः सानो घेरामा नघुमी एउटै वृत्तमा मात्रै घुम्न थाल्थ्यो । मलाई यस सन्दर्भमा एउटा कुरो सधैँ स्मरण भइरहन्छ । दीप श्रेष्ठले गाएको 'म पत्थरको देवता होइन' भन्ने गीत यसै कारणले त्यस स्टेसनबाट बज्दा धेरैपटक 'म पत्थरको दे' ... 'म पत्थरको दे' ... 'म पत्थरको दे' ... भएपछि सायद सुई फेरि घचेडेकाले बल्ल गीतका अघिल्ला पङ्क्तिहरू बज्थे । कहिले त यो गीत यी तीन शब्दबाट उकालो नै लाग्दैनथ्यो । अल इण्डिया रेडियोबाट बज्ने रेकर्डको अर्को एउटा प्रसङ्ग पनि रमाइलो छ । त्यहाँबाट बजाइने गीतहरू पनि मेरा पहिलेका छिमेकीको जस्तै 'दमवाला' ग्रामोफोनबाटै बजाइन्थ्यो सायद, त्यसैले त्यहाँबाट प्रसारण हुने कुनै कुनै गीतमा दम घट्दै जाँदा आवाजको गति र शक्ति सानो सानो हुँदैजान्थ्यो । कहिले सायद फेरि दम भरिएकाले होला बीचैमा गीतको गति र 'भोल्युम' पुनः तीव्र हुन्थ्यो ।

लण्डनबाट प्रसारित बीबीसीको नेपाली र हिन्दी समाचार सेवा त्यति बेला पनि आजजस्तै बहुल श्रोताहरूद्वारा एकै पटक 'टचुन' गरिन्थ्यो । र, हिन्दी गीतका श्रोताका लागि अमिन सयानीले सञ्चालन गर्ने रेडियो सिलोनको *बिनाका गीतमाला,* अल इण्डिया रेडियोको *उर्दू सर्भिस* र *विविध भारती*का गीति कार्यक्रमहरू औधी चर्चित थिए ।

एउटा अर्को कुरा यति बेला म सम्झिरहेछु । यो अलिपछि, २०३०/३१ सालतिरको कुरा हो । चौधरी थरका मेरा एक छिमेकीले साउनमा पाटा (सनपाट) बेचेर दुई ब्याट्रीको एउटा सानो ट्राञ्जिस्टर ल्याएका थिए । उनी त्यो ट्राञ्जिस्टर हरहमेसा काँधमा भिरेर घन्काउँदै जहाँ पनि जान्थे । बिहान ब्युँझेदेखि राती ननिदाएसम्म रेडियो बजिरहन्थ्यो । एक बिहानको कुरा हो, छेवैको झाडीबाट मीठो गीत बजेको आवाज आएकाले एक गाउँले त्यहाँ झिस्मिसेमै कसले गीत गाउन थालेछ भनेर चियो गर्न आवाज आएको दिशातिर गएछन् । ताप्रेघारी

छिचोल्दै अनुसन्धानमा कस्सिएर हिँडेका ती गाउँले एकै छिनमा रातोपिरो मुख बनाएर फर्केछन् । उनको यस्तो अवस्था देखेर अरू गाउँलेले सोधेछन्– "को गाउँदै रहेछ ?" उनले त्यसको कहिरन सुनाए छन्– "चौधरी रेडियो बजाई-बजाई दिसा बसिरहेछ ।"